
नेपाल विकास अनुसन्धान प्रतिष्ठान
Nepal Development Research Institute
NDRI

CANCER RESEARCH UK

# "नेपालमा सुर्तीजन्य पदार्थको प्रयोगका कारण हुने आर्थिक भार" सम्बन्धी

## नीति समीक्षा

फाल्गुण, २०७७





**संगीता शाक्य** - अनुसन्धानकर्ता, नेपाल विकास अनुसन्धान प्रतिष्ठान
**बेकी ह्याच** - वरिष्ठ नीति सल्लाहकार, किभु इन्टरनेशनल, युके

# १. परिचय


विश्व स्वास्थ्य सङ्गठनले सन् २०१८ मा प्रकाशित गरेको नेपालमा सुर्तीजन्य पदार्थको प्रयोग सम्बन्धी विवरणले नेपालमा प्रत्येक वर्ष लगभग २७,१०० मानिसको मृत्यु सुर्तीजन्य पदार्थले हुने उल्लेख गरेको छ । यो सम्पूर्ण मृत्युको १४.९ प्रतिशत (१५.६ प्रतिशत पुरूष र १४.१ प्रतिशत महिला)[1] हो । वास्तवमा भन्ने हो भने, धूम्रपान नेपालमा हुने मृत्युको जोखिमको दोस्रो प्रमुख कारण हो र यसले दुवै लिङ्गका सबै उमेर समूहका[2] मानिसहरूको अशक्तता समायोजित उमेर (DALYs) मा ६ प्रतिशत धूम्रपानले योगदान गर्दछ । तथ्य यस्तो भए पनि, नेपालमा सुर्तीजन्य पदार्थको प्रयोग दर निकै उच्च नै छ र बितेको दशकमा यो घट्ने कुनै सङ्केत देखिएको छैन । सुर्तीजन्य पदार्थको प्रयोगले मुटु सम्बन्धी रोग, फोक्सो सम्बन्धी रोग, श्वासप्रश्वास सम्बन्धी रोग र अर्बुद रोग[3] जस्ता विभिन्न प्रकारका नसर्ने रोगहरु लाग्दछन् ।

नेपालमा सुर्तीजन्य पदार्थको उल्लेख्य रूपमा उच्च प्रयोग दर (३१.७ प्रतिशत[4]) ले उपभोक्तालाई मात्र नभई, तिनका वरिपरि रहने व्यक्तिहरूको समेत आर्थिक तथा स्वास्थ्य दुवैमा जोखिम निम्त्याउने गरेको छ । समग्र अर्थतन्त्रमा पर्ने यसको मूल्यको लेखाजोखा गर्ने हो भने, यसको असर उल्लेखनीय हुन्छ । यसै सन्दर्भमा हामी सुर्तीजन्य पदार्थमा लाग्ने करको दर वृद्धि गर्न चाहन्छौँ र यसो गरेर सुर्तीजन्य पदार्थको प्रयोग र त्यससँग सम्बन्धित स्वास्थ्य सम्बन्धी लागत कम गर्नुका साथै सरकारका लागि राजस्व समेत वृद्धि गर्ने हाम्रो मनसाय हो । यही मनसाय हामीले यस नीतिगत समीक्षामा प्रकट गरेका छौँ ।

## २. सुर्तीजन्य पदार्थ प्रयोगको आर्थिक लागत

सुर्तीजन्य पदार्थको प्रयोगले निम्त्याउने रोगको उपचार गर्नुपर्दा आर्थिक क्षति तथा कम उमेरको मृत्युदर र अपाङ्गताबाट जीवनमा उत्पादनशीलतामा कमी आउने हुन्छ । नेपालमा सुर्तीजन्य पदार्थको प्रयोगले पार्ने आर्थिक भार सरकार र व्यक्ति दुवैको काँधमा पर्दछ । व्यापक रूपमा हेर्दा समाजमा यसले नकारात्मक असर पारेको छ । सुर्तीजन्य पदार्थको प्रयोगले चुकाउनु पर्ने मूल्यका कैयौँ तरिका भए पनि, यो समीक्षा मूलतः धूम्रपानबाट चुकाउनुपर्ने आर्थिक मूल्यलाई प्रत्यक्ष र अप्रत्यक्ष मूल्यमा छुट्याउने **अस्वस्थताको मूल्य सम्बन्धी पद्धतिमा** केन्द्रित रहनेछ । त्यसबाहेक, हामी सुर्तीजन्य पदार्थ प्रयोगले समाजमा पार्ने नकारात्मक असरको बारेमा संक्षिप्त रूपमा प्रकाश पार्नेछौँ ।

विश्व स्वास्थ सङ्गठनका अनुसार, सुर्तीजन्य पदार्थको प्रयोगमा भएको प्रत्यक्ष लागत भन्नाले सुर्तीजन्य पदार्थको प्रयोग र त्यससँग सम्बन्धित बिरामीहरूको परिणामस्वरूप वस्तु तथा सेवामा भएको लागतलाई बुझिन्छ[5] । यसमा स्वास्थ्य सेवाको लागत (उदाहरणार्थ, चिकित्सा सामग्री, औषधी, उपचार, चिकित्सकसँगको परामर्श, आदि) तथा स्वास्थ्य सेवा प्रदायकलाई यातायात सुविधा, बिरामी धूम्रपानकर्ताको रेखदेख गर्ने व्यक्ति वा परिवारका सदस्यलाई प्रदान गरिएको समयजस्ता गैर स्वास्थ्य सेवा सम्बन्धी लागत पर्दछन् । अप्रत्यक्ष लागतमा उत्पादकत्वमा भएको ह्रास, अपाङ्गता तथा तलको रेखाचित्र १ मा उल्लेख गरिए जस्तो बिरामीलाई भएको सुर्तीजन्य पदार्थ सम्बन्धी बिरामीका कारण गुमेको जीवनजस्ता कुरा पर्दछन् । धुँवारहित सुर्तीजन्य पदार्थको प्रयोग सम्बन्धी लिखित सामग्री र तथ्याङ्कको अनुपलब्धताका कारण यस समीक्षाले धूम्रपानमा भएको लागतलाई मात्र समेटेको छ ।[6]




**चित्रलेखा १: सुर्तिजन्य पदार्थको आर्थिक लागत**
Source: Prepared by NDRI based on the information from Economics of tobacco toolkit (2011), WHO

[1]WHO. Nepal tobacco factsheet 2018, available from https://apps.who.int/iris/bitstream/handle/10665/272687/wntd_2018_nepal_fs.pdf?sequence=1
[2]Nepal Burden of Disease 2017: A Country report on the global burden of disease 2017 study.
[3]https://tobaccoatlas.org/topic/health-effects/
[4]NDRI, National Survey on Socio-Economic and Policy Aspects of Tobacco Use in Nepal (2020)
[5]WHO. Economics of tobacco toolkit (2011)
[6]Note that the documents that were reviewed to analyze total economic costs of smoking has not taken into account the direct costs incurred by family members/care takers. This indicates the economic costs calculated is underestimation than the actual cost.

## ३. नेपालमा सुर्तीजन्य पदार्थको आर्थिक लागतका प्रमाणहरू:


सन् २०१८ को टोबेको एट्लास्टको छैठौं संस्करणको प्रतिवेदन अनुसार नेपालमा सुर्तीजन्य पदार्थको आर्थिक लागत २२.९४ अरब रूपैयाँ (सन् २०१२ सालमा हिसाब गरिएको) थियो । २०२० सालमा नेबिअप्रले मद्रास्फीति दरलाई[7] संलङ्गन गरी हिसाब गर्दा नेपालमा सुर्तीजन्य पदार्थको आर्थिक लागत ३९.२५[8] अरब हुने गर्दछ । जुन देशको कुल ग्रहास्त उत्पादनको[9] १.०४ प्रतिशत हुन्छ (प्रारम्भिक कुल ग्रहास्त उत्पादनको अनुमान अनुसार[10]) ।

## ३.१ सुर्तीजन्य पदार्थमा हुने प्रत्यक्ष लागत

प्रत्यक्ष लागतमा, सुर्तीजन्य पदार्थको प्रयोग र त्यसका कारण लाग्ने रोगको निदानमा प्रयोग भएका स्वास्थ सेवा र अन्य सेवा तथा वस्तु खरिदमा लाग्ने खर्चहरू पर्दछन् । यसको प्रयोगका कारण प्रत्यक्ष रूपमा स्वास्थ-सेवा र गैर-स्वास्थ सेवामा हुने खर्च व्यक्ति आफै ले आफ्नै खल्तीबाट खर्च (out of pocket expenditure)[11] गर्नु पर्ने हुनाले निम्न र मध्यम आय वर्गीय देशका विपन्न परिवारका मानिसहरूमा बज्रपात नै आइलाग्दछ।

सन् २०१८ को टोबेको एट्लास्टको प्रतिवेदन अनुसार नेपालमा २०१२ सालमा हिसाब गरिएको धूम्रपानको प्रत्यक्ष लागतलाई २०२० सालमा नेबिअप्रले मुद्रास्फीतिको दरलाई संलग्न गरी गरिएको अनुमान अनुसार धूम्रपानमा हुने लागत ४.७४ अरब (सुर्तीजन्य पदार्थको कुल लागतको १२ प्रतिशत) रूपैयाँ हुँदो रहेछ ।

**धूम्रपानबाट हुने रोगको लागत (रू अरबमा)**




**चित्रलेखा २: धूम्रपानबाट हुने प्रत्यक्ष र अप्रत्यक्ष खर्चहरू**

**प्रायः** बिमारीमा लाग्ने खर्च पत्ता लगाउने पध्दतिमा प्रत्यक्ष लागतको हिसाब गर्दा स्वास्थ सेवा र गैर-स्वास्थ सेवामा लाग्ने खर्चलाई समेटिएको हुन्छ । तथापि यस दस्ताबेजमा भने धूम्रपानको सेवनमा लाग्ने प्रत्यक्ष लागतमा केवल स्वास्थ सेवामा लाग्ने लागत मात्र समेटिएको छ र बिरामी तथा उनका परिवारका सदस्यले उनको उपचार र हेरविचारका क्रममा खर्चिएको समय, यात्रा गर्दा भएको खर्च आदि गैर-स्वास्थ सेवाका लागतहरू भने समेटिएका छैनन् । जसका कारण वास्तविक लागत, माथि हिसाब गरिएको लागत भन्दा बढी हुने संकेत गर्दछ । ती लागतको हिसाबको विस्तृत विवरण Goodchild et. al. (2016)[12] मा पढ्न सकिन्छ ।

## मुटुसम्बन्धित रोगहरू र क्यान्सरको उपचारमा हुने प्रत्यक्ष लागत:

क्यान्सर र मुटुसँग सम्बन्धित रोगजस्ता सुर्तीजन्य पदार्थको प्रयोगबाट हुने बिरामीको उपचारमा लाग्ने खर्चलाई मात्र हेर्दा थुप्रै राष्ट्रिय अध्ययनहरूले तिनमा ठुलो मात्रामा प्रत्यक्ष लागत रहेको देखाएका छन् । खतिवडा र अन्य (२०१९) ले[13] सन् २०१९ मा भक्तपुर क्यान्सर अस्पतालमा उपचाररत २९४ क्यान्सरका बिरामीहरूको अध्ययन गरे र उनीहरूको उपचारमा प्रत्यक्ष रूपमा औसतमा तीन लाख सतासी हजार रूपैयाँ खर्च (३,८७,०००) हुने गरेको आँकलन गरे । जुन सामान्य नेपालीको औसत वार्षिक आय, अठहत्तर हजार नौ सय (७८९००) रूपैयाँ, भन्दा निकै धेरै हो । त्यसैगरी सन् २०१९ सालमा चन्द[14] तथा अन्य लेखकहरूले सुर्तीजन्य पदार्थको प्रयोगले क्यान्सर लागेका १०३ जना बिरामीहरूसँग गरेको अर्को अध्ययनका अनुसार औसतमा सात लाख एघार हजार आठ सय सतासी (७११,८८७) रूपैयाँ एक जना बिरामीको उपचारमा खर्च हुने गरेको पत्ता लगाएका छन् । त्यस्तै सन् २०१९ सालमा मुटु सम्बन्धी रोगको उपचार हुने नेपालका दुई विशेष अस्पतालका ९७ जना बिरामीसँग गरिएको अर्को अध्ययनका अनुसार मुटु सम्बन्धी रोगको उपचारमा औसतमा हुने प्रत्यक्ष खर्च पाँच लाख सत्तरी हजार दुई सय छ (५७०,२०६) रूपैयाँ हुने गरेको छ[15] ।

माथि उल्लेखित अध्ययनका अनुसार क्यान्सर र मुटुसम्बन्धित रोगहरूको निदानमा प्रत्यक्ष रूपमा लगभग चारदेखि सात लाख रूपैयाँसम्म (४००,००० देखि ७००,००० सम्म) खर्च हुने देखिएको छ । यो सामान्य नेपालीको औसत वार्षिक आय, अठहत्तर हजार नौ सय (७८९००) रूपैयाँ, भन्दा निकै धेरै हो । तसर्थ, नेपाल सरकारले सन् २००६ देखि क्यान्सर र मुटु सम्बन्धी रोग भएका विपन्न वर्गका बिरामीहरूलाई **'विपन्न नागरिक कोष'** बाट औषधी र उपचारका लागि नगद एक लाख रूपैयाँको सहयोग प्रदान गर्दै आएको छ । नेपाल सरकारले

---

[7] Available from: https://tobaccoatlas.org/country/nepal/
[8] Calculated by NDRI incorporating the inflation rates sourced from Nepal Rastra Bank
[9] Sourced from: https://cbs.gov.np/national-accounts-of-nepal-2019-20/
[10] Note: The factsheet of UNDP and WHO FCTC on the economic case for tobacco control in Nepal 2019, shows the estimated costs of smoking tobacco in Nepal amounts to NPR 47.2 billion with 1.8% of GDP annually in 2017. This turns out to be NPR 54.60 billion in 2020 if adjusted for inflation. The difference in costs is due to use of different methodologies to calculate indirect cost.
Available from: https://www.rti.org/sites/default/files/related-content-files/infographic_nepal_fctc_investment_case.pdf
[11] OOP- Direct payments made by individuals to the health care providers at the time of service use (WHO)
[12] Goodchild M, Nargis N et al. (2016), Global economic costs of smoking attributable diseases.
[13] Khatiwoda SR, Dhungana RR, Sapkota VP and Singh S (2019) Estimating the Direct Cost of Cancer
[14] Cost Analysis of Diagnosis and Treatment of tobacco related cancer in selected hospitals of Nepal (2019)
[15] Cost Analysis of Diagnosis and Treatment of Cardiovascular Diseases (2019), Action Nepal Discussion Paper

सहयोगका रूपमा एक लाख रूपैयाँ दिइरहेको भएतापनि समग्रमा उपचारमा हुने लागतको तुलनामा यो सहयोग निकै कम हो । अन्ततः समग्र उपचारमा हुने खर्चको अधिकांश अंश बिरामी आफैले बेहोर्नु पर्ने हुन्छ ।

यसबाहेक, **"नेपालमा सुर्तीजन्य पदार्थको प्रयोगको प्रभाव"**[16] नामक दस्तावेजमा नेपाल विकास अनुसन्धान प्रतिष्ठान र नेपाल अर्बुद रोग निवारण संस्थाले भक्तपुर क्यान्सर अस्पताल र पाटन अस्पतालमा उपचाररत सुर्तीजन्य पदार्थको प्रयोगका कारण क्यान्सर लागेका बिरामीहरूसँग गरिएको प्रत्यक्ष अन्तर्वार्तामा क्यान्सरको उपचारमा लाग्ने प्रत्यक्ष लागत विशेषगरी निम्न र मध्यम आय भएका परिवारका लागि निकै विनाशकारी हुने र यसका कारण उनीहरु गरिबीतिर धकेलिने प्रष्ट देखिएको छ । प्रतिवेदन तयार पार्न गरिएको अन्तर्वार्ताका अनुसार क्यान्सर पत्ता लगाउन र केही वर्ष उपचार गर्न अठारदेखि बीस लाख रूपैयाँसम्म (१८,००,००० देखि २०,००,००० सम्म) खर्च हुने देखिएको छ । त्यसमाथि पनि केही अवस्थामा क्यान्सर पूर्ण रूपमा निको नहुने हुँदा निको नहुन्जेल जीवनभरि गरिनु पर्ने उपचार खर्च निकै ठुलो हुने र पूर्व अनुमान गर्न पनि नसकिने हुन्छ । अन्तर्वार्तामा संलग्न सबै बिरामीहरूले आफ्नै खल्तीबाट उपचार खर्चको बन्दोबस्त गरिरहेका थिए ।

**उक्त अन्तर्वातामा बिरामीका केही भनाइ र विचारहरू उद्धृत गरिएका छन् ।**

**"क्यान्सरका कारण मलाई निकै आर्थिक समस्या भइरहेको छ। म बाहेक कमाउने कोही नभएकाले र अरू कुनै आर्थिक स्रोत नभएकाले उपचार खर्च जुटाउन मलाई निकै धौ धौ भएको छ ।"**
- मुखको क्यान्सरका बिरामी (अन्तर्वार्ता)

**"मध्यम आय वर्गका परिवार हामी उपचारका लागि जसोतसो खर्चको बन्दोबस्त त गरिरहेका छौ, तर हामीलाई निकै आर्थिक समस्या परिरहेको छ ।"**
- श्वास-प्रश्वास नलीको क्यान्सरका बिरामी (अन्तर्वार्ता)

**"क्यान्सर जस्तो घातक रोगका कारण परिवारमा आर्थिक समस्या पर्ने हो कि भनेर निकै डर र चिन्ता लाग्छ, किनकि क्यान्सरको उपचार अरू रोगको तुलनामा निकै महङ्गो र खर्च अप्रत्याशित हुने गर्दछ ।"**
- फोक्सोको क्यान्सरका बिरामी (अन्तर्वार्ता)

**"म अहिले क्यान्सरको उपचार गर्दैछु, यो पूर्ण रूपमा निको नभएसम्म औषधी-उपचारमा निकै खर्च गर्नु पर्नेछ भन्ने लागिरहेको छ । त्यसकारण हामीले परिवारमा थोरथोरै आर्थिक समस्या भोगिरहेका छौ ।"**
- फोक्सोको क्यान्सरका बिरामी (अन्तर्वार्ता)

## ३.२ सुर्तीजन्य पदार्थको प्रयोगबाट आइपर्ने अप्रत्यक्ष खर्च:

सुर्तीजन्य पदार्थको प्रयोगका कारण कार्यक्षमतामा आएको ह्रास, उपचारमा समयको लगानी र जीवनस्तरमा भएको ह्रासले पार्ने क्षति नै त्यसका अप्रत्यक्ष खर्च हुन्। अप्रत्यक्ष खर्चभित्र बिरामी भएपछि हुने खर्च र मृत्युका कारण भएको क्षति वा नोक्सानीको लागत समावेश हुन्छ । सुर्तीजन्य पदार्थको प्रयोगका कारण बिरामी भई कार्यक्षमतामा आएको ह्रास अप्रत्यक्ष खर्च हो र व्यक्ति बिमारी नभएको भए निजले गर्न सक्ने आम्दानी तथा घर र कार्यक्षेत्रमा निजको कार्यक्षमतामा आएको ह्रासलाई समेटेर उक्त खर्चको निर्धारण गरिन्छ । त्यसैगरी, सुर्तीजन्य पदार्थको प्रयोगले गर्दा लाग्ने रोगबाट व्यक्तिको असामयिक मृत्यु भई त्यसबाट भएको क्षति पनि अप्रत्यक्ष लागत हो। बिरामीको मृत्यु नभएको भए, निज स्वस्थ रहेको अवस्थामा अरु कति वर्ष बढी बाँच्थे भन्ने समयको आधारमा यस अप्रत्यक्ष खर्चको लागत निर्धारण गरिन्छ ।

सन् २०१८ सालमा प्रकाशित टोब्याको एटलास्टको प्रतिवेदन अनुसार, नेपालमा धूम्रपानको अप्रत्यक्ष आर्थिक लागतलाई मुद्रास्फितिको दरसँग समायोजन गरी अनुमान गर्दा सन् २०२० मा झन्डै ३४.५६ अरब रूपैयाँ खर्च हुन आउँछ (जुन धूम्रपानमा हुने कुल लागतको ८८ प्रतिशत हो) । यो गणना कसरी गरिएको हो भन्ने विवरण भने गुडचाइल्ड र अन्य लेखकहरूको लेखमा उल्लेख गरिएको छ (Goodchild et.al.2016)[18] ।

## मुटुसम्बन्धित रोगहरू र क्यान्सरमा हुने अप्रत्यक्ष खर्च:

सन् २०१९ मा चन्द र अन्यले (Chand AB et.al 2019)[19] सुर्तीजन्य पदार्थको प्रयोगले गर्दा क्यान्सर लागेका १०३ बिरामीसँग गरेको अध्ययनमा एक बिरामीको उपचारमा औसतमा दुई लाख उनन्सत्तरी हजार चार सय बयासी (२६९,४८२) रूपैयाँ खर्च हुने देखिएको छ । त्यस्तै एक्सन नेपालले सन् २०१९ मा मुटु सम्बन्धी रोगको उपचार हुने नेपालका दुई विशेष अस्पतालका ९७ जना बिरामीसँग गरिएको अर्को अध्ययनमा मुटु सम्बन्धी रोगको एक जना बिरामीको उपचारमा औसतमा अप्रत्यक्ष दुई लाख बीस हजार सात सय अड्चालीस (२२०,७४८) रूपैयाँ खर्च हुने देखिएको छ ।[20]

---

[16]NDRI, NCRS. Impacts of tobacco use in Nepal (2021)
[17]WHO. Economics of tobacco toolkit (2011)
[18]Goodchild M, Nargis N et al. (2016), Global economic costs of smoking attributable diseases.
[19]Cost Analysis of Diagnosis and Treatment of tobacco related cancer in selected hospitals of Nepal (2019)
[20]Cost Analysis of Diagnosis and Treatment of Cardiovascular Diseases (2019), Action Nepal Discussion Paper

माथि उल्लेखित अध्ययनहरुमा कार्यक्षेत्रमा अनुपस्थिति र बिरामीका कारण गुमेको आम्दानी मात्र अप्रत्यक्ष लागतका रुपमा समेटिएको छ भने अशक्तता, शारिरिक र मनोवैज्ञानिक पीडा आदिको प्रभावको मूल्यलाई ध्यान नदिइएको हुनाले त्यस्ता खर्चहरु वास्तविक र अन्तर्राष्ट्रिय अध्ययनमा देखिएको खर्चभन्दा निकै कम छन् ।

साथै, नेपाल विकास अनुसन्धान प्रतिष्ठान र नेपाल अर्बुद रोग निवारण संस्थाले सञ्चालन गरेको अन्तर्वार्ताले सुर्तीजन्य पदार्थको प्रयोगले क्यान्सर भएका बिरामीको जीवनको गुणस्तरमा पारेको असरलाई विस्तृत रुपमा नियालेको छ। **"नेपालमा सुर्तीजन्य पदार्थको प्रयोगको प्रभाव"**[21] नामक यस दस्तावेजमा क्यान्सरका उपचाररत बिरामी र क्यान्सरबाट मुक्त भइसकेकाहरुले अन्तर्वार्तामा क्यान्सरले उनीहरुको कार्यक्षेत्रको जीवन, सामाजिक जीवन, शारिरिक र मानसिक स्वास्थमा पारेको प्रभाव र अनुभवबारे बताएका छन् । कुनै बिरामीले आफ्नो कार्यक्षमतामा ह्रास आएको र कसैले दैनिक जीविकोर्पाजनका लागि गर्ने गरेको काम पनि रोक्न बाध्य हुँदा आफू असहाय भएको भान हुने र बिरामी भएपछि आर्थिक स्रोतको अभाव भएकाले अहिले जीवनयापनका लागि परिवारमा निर्भर हुनु परेको अनुभव बताएका छन् । त्यसमाथि पनि आर्थिक भारका कारण भएको मानसिक तनाव, क्यान्सरका कारण भएको शारीरिक पीडा र यसले सामाजिक जीवनमा पारेको असर पनि स्पष्ट नै छ ।

**यस अध्ययनमा संलग्न बिरामीहरुको विचार र भनाइहरु तल उद्धृत गरिएको छ ।**

**"मुखमा ट्युमर/क्यान्सरको घाउ हुदा अहसहज हुनु स्वाभाविक हो । यसका कारण म कुनै सारो र ठोस खाने कुरा खान सक्तिन । सिरिन्जको सहायताले खाना खाइरहेको ६ महिना भइसकेको छ । पेटभरि वा पेट अघाउने गरी सन्तुष्ट हुने गरी खाना पाएको छैन ।"**
– मुखको क्यान्सरका बिरामी (अन्तर्वार्ता)

**"क्यान्सर लागेको थाहा भएदेखि मेरो जीवनस्तर वा जीवनको गुणस्तर केही खस्किएको छ । पीडाका कारण दुखाइ सहादै पनि पहिले त काम गर्थो तर अहिले काधमा असह्य पीडा भएकाले काम छोडेको छु । मैले उपचार सुरु गरेको ६ महिना भइसक्ता पनि दुखाइ कम भएको छैन । दुखाइका कारण, म पहिले जस्तो मेरो जीवनमा रमाउन सकेको छैन ।"**
– फोक्सोको क्यान्सरका बिरामी (अन्तर्वार्ता)

**"क्यान्सरका कारण मेरो स्वास्थ स्थिति निकै नाजुक भएको छ । म आँनो खानपिनमा निकै होसियार भएको छु । क्यान्सर लाग्नु भन्दा पहिले खाने गरेका धेरै खाने कुराहरु अहिले मैले बारेको छु ।"**
– फोक्सोको क्यान्सरका बिरामी (अन्तर्वार्ता)

## ४. गणना गरिएको खर्च /लागत वास्तविकता भन्दा कम हुनुका कारणहरु

माथि उल्लेख गरिएका विवरण अनुसार, धूम्रपान सेवनले व्यक्ति र बृहत्तर अर्थतन्त्रलाई नै उल्लेख्य प्रभाव पारेको स्पष्ट हुन्छ । यद्यपि, माथि अनुमान गरिएको लागतमा उपचारका क्रममा खर्चिएको समय, यात्रामा लागेको खर्च, धुवाँ रहित सुर्तीजन्य पदार्थको प्रयोगको लागत/खर्च, बिरामी तथा निजको हेरविचार गर्ने परिवारका सदस्यले गरेको गैर-स्वास्थ्य खर्चजस्ता अप्रत्यक्ष खर्च समेटिएको छैन । धूम्रपानले प्रत्यक्ष रुपमा सेवनकर्तालाई आर्थिक र गैर-आर्थिक असर पार्ने त छँदै छ, अप्रत्यक्ष रूपमा यसको धुवाँले वरिपरिका मान्छे र वातावरणमा पार्ने नकारात्मक बाह्य प्रभाव (externality) प्रगाढ छ । बाह्य प्रभाव (externality) भन्नाले तेस्रो पक्षलाई उनीहरुको सहमति बेगर थोपरिएको खर्च असर, वा फाइदा/लाभ हो । यसको अप्रत्यक्ष धुवाँले वरिपरिका मान्छेमा परेको असर र वातावरणमा पार्ने नकारात्मक असर प्रति न उपभोक्ता न त उत्पादनकर्ता नै जिम्मेवार छन । यसर्थ, अनुमानित ३९.२५ अरब नेपाली रूपैयाँ वास्तविक खर्चभन्दा कम नै छ । सुर्तीजन्य पदार्थ प्रयोगसँग जोडिएका सबै प्रभावलाई समेट्ने हो आर्थिक खर्च अझ बृहत् हुन आउँछ ।

### ४.१ अप्रत्यक्ष धूम्रपानले स्वास्थ्यमा पार्ने असर:

अप्रत्यक्ष धूम्रपानलाई सुर्तीजन्य पदार्थको वातावरणीय धुवाँ पनि भनिन्छ । अप्रत्यक्ष धूम्रपान भन्नाले चुरोट र अन्य सुर्तीजन्य पदार्थको प्रयोग गर्ने व्यक्तिले फुकेको धुवाँले वातावरणलाई दूषित पार्ने चुरोट र अन्य सुर्तीजन्य पदार्थबाट निस्केको धुवाँ भन्ने बुझिन्छ ।[22] धूम्रपान गर्ने व्यक्तिले फुकेको धुवाँले सबै उमेरका व्यक्तिहरुलाई असर गर्नुका साथै थुप्रै रोगहरु पनि निम्त्याउँदछ । साथै, घरमा आफ्ना अभिभावकहरुले धूम्रपान गरिदिँदा बालबालिकाहरु पनि अप्रत्यक्ष धूम्रपानको प्रभावमा आउने गरेको पाइएको छ । कार्यक्षेत्रमा पनि धूम्रपान गर्ने व्यक्ति भए निजका सहकर्मीलाई पनि निजले फुकेको चुरोटको धुवाँले असर गर्दछ । साथै किशोरकिशोरीहरु पनि कार्यक्षेत्र र घरमा अरुले

[21]NDRI, NCRS. Impacts of tobacco use in Nepal (2021)
[22]WHO. Second-hand smoke: Assessing the burden of disease at national and local levels (2010)
[23]WHO. Economics of tobacco toolkit (2011)
[24]WHO. Second-hand smoke: Assessing the burden of disease at national and local levels (2010)

फुकेको चुरोटको धुवाँबाट प्रभावित हुने गरेका छन् ।[23] चुरोट र अन्य सुर्तीजन्य पदार्थको धुवाँमा हुने ग्यासहरु मानिसको स्वास्थका लागि हानिकारक हुने गरेको पाइएको छ[24] । विश्व स्वास्थ संगठनको तथ्याङ्क अनुसार नेपालमा ३६.१ प्रतिशत वयस्क (१५ देखि ६४ वर्षसम्मका) र ५४.१ प्रतिशत युवाहरु (१३ देखि १५ वर्षका) घरमै चुरोट र अन्य सुर्तीजन्य पदार्थको धुवाँले प्रभावित भएका र बृहत् सत्यामा धुवाँले प्रभावित मानिसहरु मुटु सम्बन्धी रोगको जोखिममा हुने गरेको पाइएको छ[25] । धुवाँले प्रभावित प्राय वयस्कहरु मुटुसम्बन्धी रोग र फोक्सोको क्यान्सरको जोखिममा हुन्छन् भने बालबालिकाहरु वा साना उमेर समूहका बालबालिकाहरुको त्यसबाट अचानक मृत्यु समेत हुने गर्दछ[26] । त्यसका साथै वातावरणलाई प्रदूषण गर्ने धुवाँले कानमा सङ्क्रमण र श्वासप्रश्वास नलीमा पनि असर गर्ने गर्दछ[27] ।

धूम्रपानले सेवनकर्तालाई मात्र नभई उसको वरिपरि रहेका व्यक्तिलाई पनि नकारात्मक असर गर्दछ भन्ने माथिका कुराहरुबाट प्रस्ट हुन्छ । माथि उल्लेख गरिएका बिरामीहरु जोखिममा पर्नाले यसले व्यक्ति र पूरै देशकै आर्थिक स्थितिमा धक्का पुर्याउँदछ ।

## ४.२ धूम्रपानका कारण हुने आगलागी र वातावरणीय असरहरु

जङ्गलमा हुने ९५ प्रतिशत आगलागी मानिसको कारणले[28] हुने गरेको अध्ययनहरुले देखाएका छन् । नेपालमा जङ्गलमा हुने आगलागी लामो अवधिको सुख्खा मौसम, हुरी–बतास र ननिभाई छोडिएका चुरोटका ठुटाका कारण हुने गर्दछ। आगलागी प्राय बटुवा, धूम्रपानकर्ता र वनभोज मनाउनेहरुको लापरवाहीका कारण हुने गरेको छ[29 30] । नेपालको तराई क्षेत्रमा गरिएको एक अध्ययनका अनुसार, जङ्गलमा हुने आगलागी मध्ये २२ प्रतिशत बटुवा वा धूम्रपानकर्ताले गर्दा हुने गरेको छ[31] ।

नेपालले सन् २००५ देखि प्रत्येक वर्ष लगभग २ लाख हेक्टर वनक्षेत्र गुमाइरहेको छ। नेपालमा आगलागी जनधनको क्षतिका साथै जैविक विविधताको लोप हुनुको एक प्रमुख कारण बनेको छ। आगलागीका कारण वार्षिक प्रति घर अनुमानित पाँच हजार रूपैयाँ (५०००) क्षति हुने पाइएको छ[32] ।

ननिभाई छोडिएका चुरोटका ठुटाहरु महँगा जोखिम हुन् । नेपाल लगायत विश्वभरि नै चुरोटका ठुटालाई फोहरका रुपमा फालिन्छ जसले वातावरण र पानीको जीवलाई नकारात्मक असर गर्ने गरेको छ । नेपालमा वार्षिक ४७३२ टन चुरोटका ठुटाहरु फोहरका रुपमा थुप्रिने अनुमान गरिएको छ, जुन कुल ठोस फोहोरको १ प्रतिशत हुन आउँछ[33] । ती चुरोटका ठुटाहरुको फिल्टरमा धेरै हानिकारक तत्त्वहरु हुन्छन् जसले पानीको वातावरणलाई विषाक्त बनाउँदछ[34] । त्यसमाथि पनि ती फिल्टर सेलुलोज एसिटेट भन्ने एक प्रकारको फाइबरले बनेको हुन्छ जुन सामान्य वातावरणमा कुहिनका लागि १० वर्षसम्म लाग्दछ[35] । नेपालमा यस जोखिमको विश्लेषण भने गरिएको छैन, तथापि यसको नकारात्मक प्रभाव निकै गहिरो छ । साथै, नेपालमा धूम्रपान लगायत धुवाँ रहित सुर्तीजन्य पदार्थको प्रयोग पनि निकै धेरै छ । ती धुवाँ रहित सुर्तीजन्य पदार्थका प्याकेटहरु जहाँतहीँ फालिएका हुन्छन् जसले देशको सौन्दर्यलाई मात्र नभई वातावरणलाई समेत असर गरिरहेको छ । यो नेपाल विकास अनुसन्धान प्रतिष्ठानले सन् २०१९–२० मा गरेको एक सर्वेक्षणका क्रममा पनि अवलोकन गरिएको थियो ।

चुरोटका ठुटाका कारण हुने आगलागी र वातावरणमा भइरहेको हानिले सिङ्गो देशमा नै आर्थिक तनाव पैदा गर्दछ ।

[25]WHO. Nepal tobacco factsheet 2018, available from https://apps.who.int/iris/bitstream/handle/10665/272687/wntd_2018_nepal_fs.pdf?sequence=1
[26]SIDS- sudden unexplained death of a child of less than one year of age and usually occurs during sleep.
[27]WHO. Second-hand smoke: Assessing the burden of disease at national and local levels (2010)
[28]Nepal's forest fires, available from: https://forestsnews.cifor.org/48187/nepals-forest-fires?fnl=
[29]Forest fire in the Terai, Nepal: Causes and Community Management Interventions (2006)
[30]Earth observatory, NASA, Fires in Nepal (2012)
[31]Forest fire in the Terai, Nepal: Causes and Community Management Interventions (2006)
[32]https://kathmandupost.com/national/2020/09/01/forest-fire-incidents-down-across-the-country-early-this-year-study-finds-1598968575
[33]The Tobacco Atlas, Nepal available from: https://tobaccoatlas.org/country/nepal/
[34]https://www.undp.org/content/undp/en/home/blog/2017/5/24/-Tobacco-a-threat-to-our-oceans.html
[35]Mohajerani A, et.al., Implementation of Recycling Cigarette Butts in Lightweight Bricks and Proposal for Endling the Littering of Cigarette Butts in our Citites, 2020.
[36]https://www.who.int/nepal/activities/supporting-elimination-of-kala-azar-as-a-public-health-problem/docs/default-source/tobacco-hq/global-tobacco-report-2019/table-9-1-taxes-and-retail-price-for-a-pack-of-20-cigarette-most-so
[37]https://www.who.int/tobacco/economics/taxation/en/

## ५. सुर्तीजन्य पदार्थको प्रयोगका कारण हुने आर्थिक लागत न्यूनीकरणका लागि कर वृद्धि गरिनु पर्ने

नेपालको कुरा गर्ने हो भने, यहाँ सुर्तीजन्य पदार्थमा लगाइएको कर दक्षिण एसियाली क्षेत्रमा सबैभन्दा कम मध्ये अर्थात् ३० प्रतिशत मात्र छ[36] । सुर्तीजन्य पदार्थको कर र मूल्यमा उल्लेख्य वृद्धि गर्नु सुर्तीजन्य पदार्थको उपभोग वा माग कम गर्ने सर्वाधिक मूल्य-प्रभावकारी र प्रमाणित उपाय हो[37] । एक प्याकेट चुरोटमा औसतमा १० प्रतिशत मूल्य वृद्धि गर्दा निम्न र मध्यम आय भएका देशहरूमा पाँच प्रतिशतले त्यसको माग घट्ने देखिएको छ । यसबाट सुर्तीजन्य पदार्थको मागको अलचिलो (inelastic) प्रकृतिलाई उजागर गर्दछ ।

सुर्तीजन्य पदार्थको मूल्य वृद्धि हुँदा यसको खरिद गर्न सक्ने क्षमता कम हुने र यसबाट उपभोग कम हुनुका साथै विशेष गरी बालबालिका र वयस्कहरूद्वारा सुर्तीजन्य पदार्थको प्रयोग प्रारम्भ गर्नबाट रोक्ने अनुमान गरिएको छ । सुर्तीजन्य पदार्थको प्रयोगमा कमी तथा थप नयाँ उपभोक्ताहरूको संख्यामा हुने कमीले भविष्यमा सुर्तीजन्य पदार्थले गर्ने भनिएको मृत्यु र रूग्णता निश्चय नै घटाउने छ । यसले प्रत्यक्ष र अप्रत्यक्ष दुवै खालका स्वास्थ्य सम्बन्धी मूल्य घटाउँछ । साथै, किफायतीकरको दरमा वृद्धिले उत्पादनको माग अलचिलो भएको बेला करको राजस्वमा वृद्धि गर्नेछ।

माथि उल्लेख गरे अनुसार, सुर्तीजन्य पदार्थको आर्थिक लागत देशको अर्थतन्त्रका लागि निकै घातक छ। यसले स्वास्थ्यमा मात्र नभई समाजमा नै बृहत प्रभाव पार्दछ । सुर्तीजन्य पदार्थको प्रयोगसँग सम्बन्धित आर्थिक मूल्य उच्च रहेको र गैर स्वास्थ्यसेवाको खर्च अझ बढी हुन सक्ने भएकाले कर वृद्धि गर्ने पक्षमा बलियो तर्क रहेको छ ।

## ६. निष्कर्ष र सुझावहरू

माथि उल्लिखित प्रमाणहरूले सुर्तीजन्य पदार्थको आर्थिक लागत विशाल रहेको सङ्केत गर्दछ । यसको असर स्वास्थ्यमा मात्र सीमित नभई यसले देशको अर्थतन्त्रका साथै देशको सर्वाङ्गीण विकासमै असर गर्दछ । यसका कारण हुने कतिपय अप्रत्यक्ष लागतलाई नीति-निर्माताहरूले बेवास्ता गर्दछन्, जुन वास्तवमा प्रत्यक्ष लागतभन्दा बृहत् हुन्छ । सुर्तीजन्य पदार्थको प्रयोगले स्वास्थ र अर्थतन्त्रमा पार्ने असर दिन-प्रतिदिन अगामी दिनहरूमा पनि बढ्ने अनुमान गरिएको छ । रोगको निदान तथा उपचारका लागि बिरामी आफैले आफ्नै खल्तीबाट उपचार-खर्च जुटाउनु पर्ने नेपालमा सुर्तीजन्य पदार्थको प्रयोगको विषयलाई अझ गम्भीरताका साथ सम्बोधन गरिनुपर्दछ, किनकि सुर्तीजन्य पदार्थको प्रयोगका कारण हुने रोगहरूको उपचारमा लाग्ने खर्च निकै विनाशकारी हुन्छन् जसले धेरै मानिसलाई गरिबीतिर धकेल्दछ । त्यस कारण सुर्तीजन्य पदार्थमा कर वृद्धि र कर प्रणालीको संशोधन गर्न र विभिन्न सुर्तीजन्य पदार्थमा एक समान कर लागु गर्न सिफारिस गरिन्छ ।

NDRI


**Nepal Development Research Institute**

**नेपाल विकास अनुसन्धान प्रतिष्ठान**

Pulchowk, Lalitpur, P.O. Box: 8975, EPC 2201, Kathmandu, Nepal

Tel: +977-1-5554975, 5537362 Fax: +977-1-5537362 E-mail: info@ndri.org.np

Web: www.ndri.org.np